नेपाल सरकार

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय

# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

बबरमहल, काठमाडौं

## निरीक्षण अनुगमन सम्बन्धी विवरण

यस विभागमा विभिन्न मितिमा प्राप्त गुनासो व्यवस्थापनको लागि आकस्मिक (र्‍यापिड रेस्पोनस् मोडालिटिमा) बजार अनुगमन निरीक्षण गर्ने क्रममा गुनासोमा उल्लेख गरे अनुसारको खाद्य व्यवसायको मिति २०८३।०३।३० मा अनुगमन निरीक्षण गरी खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम तपसिलमा उल्लेख भए अनुसारको कारबाही गरिएको व्यहोरा अनुरोध छ।

| सि.नं. | व्यवसाय/खाद्य पदार्थको विवरण | अनुगमन गर्दाको अवस्था/ कैफियत | **निर्देशन / कारबाही** |
|---|---|---|---|
| १. | गाउँबेसी थकाली, का. म. न. पा. — २६, लैनचोर | • केहि प्रशोधित खाद्य पदार्थमा लेबल नभएको र केहिमा पूर्ण लेबल विवरण पनि नभएको<br>• फ्रिजको प्रयोग अव्यवस्थित तरिकाले गरिएको<br>• सरसफाइको अवस्था सन्तोषजनक पाइएको<br>• कीट नियन्त्रणको व्यवस्था भएको<br>• खाद्य पदार्थ तारिएको तेलको TPM २० भई मापदण्ड अनुकूल पाइएको<br>• भण्डारण कक्षमा उपभोग्य मिति समाप्त भएको पाँच (५) थान चारसय (४००) मि. लि. रोज वाटर र एक (१) थान तथा एकसय नब्बे (१९०) मि. लि. केवरा वाटर पाइएको। | • उपभोग्य मिति समाप्त भइको विवरणमा उल्लेख गरीएको खाद्य पदार्थ नष्ट गरिएको<br>• थप अनुसन्धान तथा कारबाही का. म. न. पा. ले अगाडि बढाउने निर्णय भएको<br>• खाद्य स्वच्छता कायम गर्न, कीट नियन्त्रण थप प्रभावकारी रुपमा गर्न र फ्रिजमा खाद्य पदार्थ व्यवस्थित तरिकाले भण्डारण गर्न निर्देशन दिइएको<br>• भेटिएको कैफियत सुधार पश्चात प्रमाण सहित यस विभागमा जानकारी गराउने निर्देशन दिइएको। |
| २. | भागवती कोल्ड स्टोर, का. म. न. पा. — २६, ठमेल | • सरसफाइको अवस्था सन्तोषजनक नपाइएको<br>• अव्यवस्थित तरिकाले खाद्य पदार्थ भण्डारण गरिएको<br>• कीट नियन्त्रणको उचित व्यवस्था नभएको<br>• पूर्ण लेबल विवरण नभएको खाद्य पदार्थ बिक्री वितरण गरेको पाइएको<br>• उपभोग्य मिति समाप्त भएको छ (६) थान चारसय (४००) मि. लि. रोज वाटर र एक (१) थान शुन्य दशमलव सात (०.७) लि. ब्लुबेरी सिरप पाइएको। | • उपभोग्य मिति समाप्त भएको खाद्य पदार्थ नष्ट गरिएको<br>• थप अनुसन्धान तथा कारबाही का. म. न. पा. ले अगाडि बढाउने निर्णय भएको<br>• खाद्य स्वच्छता कायम गरी व्यवसाय संचालन गर्न र कीट नियन्त्रण प्रभावकारी रुपमा गर्न निर्देशन दिइएको। |
| ३. | ईरानी चिया, महालक्ष्मी न. पा. — १, ललितपुर | • पूर्ण लेबल विवरण नभएको खाद्य पदार्थ जस्तै डोनट तथा फ्रुट सिरप पाइएको<br>• भान्सामा फोहोरदानी नछोपी खुल्ला रुपमा राखिएको<br>• सरसफाइको अवस्था सामान्य रहेको<br>• फ्रिजमा रहेका खाद्य वस्तु सन्तोषजनक अवस्थामा पाइएको। | • पूर्ण लेबल विवरण नभएका खाद्य वस्तुहरु फिर्ता गर्न लगाइएको<br>• नियमित सरसफाइ गर्न निर्देशन दिइएको। |

| | | | |
|---|---|---|---|
| ४. | कृष्णा अर्पण सप्लिमेन्ट एण्ड ब्युटी स्टोर, मैपी — नयाँ बस पार्क — २६, काठमाडौं | • स्टोरको बिक्री शाखा सन्तोषजनक रहेको<br>• उजुरी गुनासोमा उल्लेख गरे अनुसारको सेरेलिकमा कीरा नभेटिएको तर उहि ब्याचको सेरेलेकको दुई (२) थान नमूना स्टोरको बिक्री शाखामा भेटिएको। | • प्रयोगशाला परिक्षणका लागि सेरेलेकको नमूना संकलन गरीएको। |
| ५. | एस.जि. नेपाल प्रा.लि., का.म.न.पा.-१४ | • भण्डारण व्यवस्थित नभएको<br>• यहि उद्योगको अर्को शाखाबाट उत्पादित Milk premix preparation को ingredient मा skimmed milk power or full cream milk powder रहेको भनि उल्लेख भएको<br>• स्टोरमा रंग लगाउँने खाद्य पदार्थ पदार्थ नहटाइ रंग लगाएको। | • स्टोरमा भण्डारण प्रणाली व्यवस्थित बनाउने<br>• Trishul ancillary products and packaging बाट उत्पादित milk premix preparation को लेवलमा skim milk powder वा whole milk powder लेखेकोमा जुन सम्मिश्रण (Ingredient) प्रयोग भएको हो सोही मात्र लेख्ने<br>• स्टोरमा रंग लगाउँदा वा मर्मत गर्दा खाद्य पदार्थमा संक्रमण नहुने गरी टाढा राख्ने। |
| **अनुगमन गरिएको खाद्य व्यवसायको कुल संख्याः दुई (५) वटा** | | | |

डा. बाल कुमारी शर्मा
वरिष्ठ खाद्य अनुसन्धान अधिकृत
२०८३/०३/३१

## <u>अनुगमनका केहि झलकहरु:</u>




















Sun-Moon






IRANI